

# यिनलाई माया गरौं, अनि गणना गरौं

सन् २०२० को जनगणनामा सहभागी भएर र प्रत्येक बालबालिकाको गणना गर्नाले आफ्नो समुदायले आगामी १० वर्षमा विद्यालय, बाल स्वास्थ्य र अन्य शीर्षकहरुमा कति बजेट प्राप्त गर्छ भन्ने निधो गर्न सकिन्छ।

थप जानकारीको लागि 2020census.gov

आफ्नो भविष्यको निर्माण गर्नुहोस्

NCNC

First in Height, First in Flight

Nepal Center of North Carolina, Inc.

CENSUS 2020

Wake Counts

EVERYONE COUNTS

## जनगणना २०20 केवल संख्याको मात्र गणना होइन

### यसले निर्धारण गर्छ:

- विद्यालय, अस्पताल आदिका लागि **$६७५ अर्ब फेडरल** बजेट विनियोजन
- हरेक राज्यबाट कांग्रेस प्रतिनिधि सभामा **सिट संख्या** सदस्य
- **विधायक जिल्ला** बीचको सीमा रेखा

### वेक जनगणना कोही नछुट्नु:

- मार्च २०20 मा तपांईंलाई स्पेसल बारकोड सहितको पत्र प्राप्त गर्नहुनेछ ।
- **यो पत्र नफ्याक्नु होला।** यो जानकारीमा पत्र मार्फत्, वा फोनबाट वा अनलाइन वा यस अघि कहिल्यै गणना नगरेकाहरुले कसरी गणना कार्य सम्पन्न गर्न सक्छन् भन्ने जानकारी प्राप्त गर्न सकिन्छ। तपाइंको गोपनियता सुरक्षित हुन्छ । गणना पुर्णतया गोप्य हुन्छ।

wakegov.com/census

NCNC

# जनगणना २०२० : धेरै सोधिने प्रश्नहरु

## जनगणना के हो ?

संयुक्त राज्य र यसका क्षेत्रमा बस्ने हरेक व्यक्तिको गणना गर्ने कार्य हो । यो हरेक १० वर्षमा गरिन्छ। सन् २०२० को शुरुमा तपाईंको परिवारका हरेक व्यक्तिलाई अप्रिल १ लाई आधार मानेर गणना कार्यमा समावेश गर्नुहोस् । यो गणनामा समाबेश हुनुको अर्थ तपाईंको भविष्यको ढांचा तय गर्ने हो।

तपाईंको गणनाले हरेक वर्ष विद्यालय, उपचार, सडक आदिका लागि $६७५ अर्ब फेडरल बजेट विनियोजन गर्न सहयोग गर्छ ।

गणनाले समुदायका नेताहरलाई सामुदायिक भवन निर्माण गर्न, व्यापार शुरु गर्न र भविष्यको योजना तर्जुमा गर्ने निर्णय गर्न सहयोग गर्दछ ।

संविधान बमोजिमको तपाईको नागरिक कर्तव्य पुरा हुन्छ । संयुक्त राज्यमा यस्तो गणना कार्य सन् १७९० देखि हरेक १० वर्षमा गर्ने गरिएको छ ।

तपाईको गणनाले विधायकी जिल्लाहरुको पुनः डिजाइन गर्न र प्रतिनिधि सभामा सिट संख्या निर्धारण गर्न सहयोग गर्दछ ।

## के मेरो सुचनाहरु सुरक्षित हुन्छन् ?

जनगणना २०२० मा तपाईंले दिनु भएको सुचनाहरु फेडरल नियमानुसार सुरक्षित र संरक्षित रहनेछन् । तपाइंको जवाफहरु केवल तथ्यांक निर्माणको लागि मात्र उपयोग गरिने छन् । तपाईंको जवाफहरु तपाइं विरुद्ध कुनै पनि हालतमा कुनै पनि सरकारी एजेन्सी (जस्तै एफ.वि.आइ., सि.आइ. ए., वा डि.एच.एस वा आइ.सि.इ.,.) वा अदालतलाई उपलव्ध गराइने छैन ।

## मलाई के सोधिन्छ?

तपाईंलाई केही सामान्य प्रश्नहरु जस्तै उमेर, लिंग, बालबालिका समेत परिवारको संख्या आदि सोधिने छ ।

## मैले कहिले जनगणनामा सहभागी हुने?

सन् २०२० को शुरुमा अमेरिकामा रहेका हरेक परिवारलाई अनलाइन, फोन वा पत्रबाट जनगणना कार्य सम्पन्न गर्ने सुचना दिइनेछ । मे २०२० देखि संयुक्त राज्य सेन्सस व्युरोले गणनामा सहभागी हुन बांकी व्यक्तिलाई सम्पर्क गर्न थाल्दछ।

## के सोधिंदैन?

जनगणनाले सोसल सेक्युरिटी नम्बर, बैंक वा क्रेडिट कार्ड नम्बर, पैसा वा चन्दा, वा राजनीतिक दलसंग सम्बन्धित कुनै पनि कुराहरु सोध्न मिल्दैन ।

थप जानकारीको लागि

2020census.gov

आफ्नो भविष्यको निर्माण गर्नुहोस्

# संयुक्त राज्यमा बस्नु हुने सबैजनालाई जनगणनाले समेट्छ

भविष्यको खाका बनाउं

### संयुक्त राज्यको जनगणना के हो ?

संयुक्त राज्यको संविधान बमोजिम सन् १७९० देखि यस देशमा बस्नेहरुको हरेक १० वर्षमा लिइने तथ्यांकलाई जनगणना भनिन्छ । हामी हरेक परिवारका हरेक व्यक्तिको सामान्य सुचनाहरु जस्तै उमेर, लिंग, जातीको बारेमा सुचना संकलन गर्दछौं । सन् २०20 को स्प्रींगदेखि हरेक व्यक्तिलाई २०20 जनगणना कार्य अनलाईन वा फोन वा पत्राचारबाट सम्पन्न गर्न अनुरोध गरिनेछ ।

### २०20 को जनगणना किन महत्वपुर्ण छ ?

सन् २०20 को जनगणना केबल संख्याको गिन्तीमात्र होइन । यसले तपाईं र तपाईंको समुदायलाई आफ्नो भविष्यको खाका तयार गर्न अवसर प्रदान गर्दछ ।

### जनगणनाबाट प्राप्त तथ्यांकले:

- हाम्रो देशको र यसका समुदायको समग्र स्वरुप देखिन्छ र यसले कहां नयां विद्यालय, अस्पताल वा व्यापार गर्ने भन्ने कुरा निर्धारण गर्न सहयोग गर्दछ ।
- तपाईंको गणनाले हरेक वर्ष शिक्षा, आवास, उपचार, यातायात, इमरजेन्सी सेवा, खाद्यान्न सुविधा आदिका लागि $६७५ अर्ब फेडरल बजेट विभिन्न राज्यहरु र यसका समुदायमा विनियोजन गर्न सहयोग गर्छ ।
- प्रत्येक राज्यबाट कंग्रेसमा हुने प्रतिनिधित्वको निर्धारण ।

जनगणनाबाट अन्य सहयोग पनि मिल्दछ । जस्तै: नागरिक अधिकार कानुनको रक्षा गर्न र अन्य भाषाहरुमा सेवा प्रबाह गर्न परेको खण्डमा। जनसंख्याको विविधता भएको स्थानहरुमा विविध सेवाहरु उपलब्ध गराउन । रोजगारदातालाई स्थानीय स्तरमा भएका क्षमता (ट्यालेन्ट)को ज्ञानबाट नयां रोजगारी सिर्जना गर्न पनि अवसर मिल्न सक्छ ।

2020census.gov

## २०20 जनगणनामा को समेटिन्छन्

जनगणना २०२० मा  संयुक्त राज्यमा बस्ने जहांको भए पनि, जे कामको लागि भए पनि डकुमेण्ट भए पनि नभए पनि हरेक व्यक्तिलाई समेट्छ (अप्रिल १ मा)। यसमा अस्थायी कामदार, विदेशबाट पढ्न आएका विद्यार्थीहरु र बैदेशिक रोजगारीका लागि आएका कर्मचारीहरु सबै पर्दछन् ।

**मेरो सुचनाहरु सुरक्षित रहन्छन्?**

अवश्य। जनगणनामा सहभागी हुने सबैको सुचनाहरु संयुक्त राज्य सेन्शस व्युरोले कानुन बमोजिम गोप्य राख्नुपर्छ । यी सुरक्षाहरुले गर्दा तपाईंको व्यक्तिगत सुचनाहरु कुनै पनि हालतमा तपाईं विरुध्द प्रयोग गर्न पाइंदैन ।

- सेन्शस व्युरोले तपाईंको जवाफलाई अन्य व्यक्तिहरुको जवाफसंग मिलाएर तथ्यांक सारांश तयार पार्दछ । कुनै पनि व्यक्ति वा परिवारको व्यक्तिगत सुचनाहरु सेन्शस व्युरोले प्रकाशन गर्नु गैर कानुनी ठहर्छ । यो नियमको बर्खिलाप गरेमा कडा सजाय हुन जान्छ: २ लाख ५० हजार डलर जरीवाना वा ५ वर्षसम्म कैद वा दुबै सजाय ।
- तपाईंको सुचनाहरु कानुन बमोजिम नै तपाइं विरुद्ध कुनै पनि हालतमा कुनै पनि सरकारी एजेन्सी र अदालत वा प्रहरी प्रशासन, डि.एच.एस वा आइ.सि.इ. एफ.वि.आइं., वा सि.आइ. ए.) लाई उपलव्ध गराइने छैन ।
- सेन्शस व्युरोले अनलाइनबाट प्राप्त सबै जवाफहरुलाई समेटेर कम्प्युटरमा स्टोर गरेर राख्दछ । २०२० जनगणनामा समावेश भै आफ्नो भविष्यको खाका निर्माण गरौं ।

2020census.gov

First in Height, First in Flight

Nepal Center of North Carolina, Inc.

# सबैको भलो गर्नको लागि जनगणनाले हरेक व्यक्तिलाई समेट्छ

- ✓ शिक्षा सम्बन्धी कार्यक्रमहरु
- ✓ विद्यालय खाजा (लञ्च) कार्यक्रमहरु
- ✓ पोषण सहयोग कार्यक्रमहरु
- ✓ सार्वजनिक यातायात
- ✓ स्वास्थ्य सम्बन्धी क्लिनिकहरु
- ✓ सडकहरु र पुलहरु
- ✓ बृद्ध सामुदायिक केन्द्रहरु
- ✓ अन्य धेरै कुराहरु

थप जानकारीको लागि 2020census.gov

आफ्नो भविष्यको निर्माण गर्नुहोस्

First in Height, First in Flight

Nepal Center of North Carolina, Inc.

**तपाईंको सहयोग आवश्यक छ र त्यसैले तपाईंले पनि सहयोग गर्नुहुनेछ**

**अथवा, तपाईंको सहयोगले  तपाईंलाई नै सहयोग हुनेछ**

यदि तपाईं संयुक्त राज्यमा काम गर्न आउन भएको हो भने पनि केही फरक पर्दैन, तपाईं पनि २०20 को ज**न**गणनामा समाबेश हुनुहुन्छ ।

जब तपाई गणनामा पर्नु भयो तव तपाईंले आफ्नो समुदायले पाउने सुविधाहरुमा सहयोग गर्नु भयो जस्तै अझ गुणस्तरीय विद्यालयहरु, सार्वजनिक यातायात र स्वास्थ्य सुविधाहरु ।

तपाईंले ज**न**गणना अनलाइन, टेलिफोन, अथवा मेल (हुलाक)बाट गर्नसक्न हुनेछ।

साथै, तपाईंको जवाफहरु नितान्त गोप्य रहनेछ र कानुनले तोके अनुसार नै कुनै पनि सरकारी एजेन्सी (जस्तै आइ.सि.इ., एफ्.वि.आइं. वा प्रहरी) लाई उपलव्ध गराउने छैन ।

थप जानकारीको लागि  2020census.gov   आफ्नो भविष्यको निर्माण गर्नुहोस्